मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

प.सं. कृषि-२०७८/७९

## अनुदानमा सञ्चालित कृषि कार्यक्रम सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०७८/१०/१७

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ मा लागत साझेदारीमा प्रत्येक वडामा तरकारी/फलफुल नर्सरी स्थापना गर्ने कार्यक्रम अनुसार प्रथम पटक सूचना प्रकाशन गर्दा पर्याप्त आवेदन प्राप्त नभएकोले यस कार्यालयमा दर्ता/सूचिकृत, अद्यावधिक भएका कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले देहाय बमोजिमका कागजात सहित ७ दिन (मिति २०७८/१०/२३ गते) भित्र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | प्रत्येक वडामा तरकारी/फलफुल नर्सरी स्थापना (कम्तिमा फलामको पक्की संरचना बनाउनु पर्ने) | संख्या | ७ | लागत साझेदारी (५०% वा बढीमा रु. १ लाख) |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. समूह/सहकारीको संस्थागत निर्णयको प्रतिलिपि ।
४. कृषि फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
६. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## रैथाने बाली कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१७

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ को सशर्त तर्फको रैथाने बाली प्रवर्द्धन कार्यक्रम रहेकोले यस कार्यालयमा दर्ता/सूचिकृत, अद्यावधिक भएका कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" को अनुसूची-१ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले देहायका आवश्यक कागजातहरु सहित १५ दिन (मिति २०७८/११/०२ गते) भित्र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | कुल बजेट रु. | अनुदानको विवरण |
|---|---|---|---|---|---|
| १ | कार्यविधिमा निर्धारीत कार्यक्रम/क्रियाकलापहरु | पटक | १ | १३ लाख | "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" को दफा ५ बमोजिम ५० देखि १०० प्रतिशतसम्म । |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने सम्बन्धी अनुसूची-२ बमोजिमको निवेदन ।
२. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. कृषि फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. समूह/सहकारीको संस्थागत निर्णयको प्रतिलिपि ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
६. वडा कार्यालयको सिफारिस पत्र ।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
८. प्रतिवद्धता पत्र ।
९. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

मितिः २०७८/........./........

विषयः अनुदान उपलब्ध गराई दिनु हुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मन्थली नगरपालिका, रामेछाप ।

महोदय,

तहाँ कार्यालयबाट मिति .......................................... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको **रैथाने बाली प्रवर्द्धन कार्यक्रम**को उद्देश्य, लागत, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं/छु ।

तपसिलः

अनुदानग्राहीको नामः

ठेगानाः मन्थली नगरपालिका, वडा नं. ........, टोल ...............

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रमबाट लाभान्वित हुने जनसंख्याः

कार्यक्रम सञ्चालन गर्ने कार्य योजनाः

निवेदक
दस्तखत
नाम, थरः
पदः
संस्थाको नामः
सम्पर्क नं.
मितिः
संस्थाको छाप